**कार्यपालिकाको ४१ औं बैठक / स्थान :–अध्यक्ष ज्युको कार्यकक्ष**

मिति :– **२०८१ साल जेठ महिनाको २७ गते आईतवार**

अध्यक्षता :– **श्रीमान् वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष**

उपस्थिति :–

१. श्री वेग प्रसाद गर्वुजा – अध्यक्ष
२. श्री लक्ष्मी देवि घर्ति मगर पुन – उपाध्यक्ष
३. श्री टंक प्रसाद पुन – वडा अध्यक्ष वडा नं. १
४. श्री उदय कुमार वुडाथोकी – वडा अध्यक्ष वडा नं. २
५. श्री मोति प्रसाद वुढा– वडा अध्यक्ष वडा नं. ३
६. श्री भजेन्द्रमान पुन – वडा अध्यक्ष वडा नं. ४
७. श्री ~~मिम~~ नविन घर्ति पुन – वडा अध्यक्ष वडा नं. ५
८. श्री पथ वहादुर रोका – वडा अध्यक्ष वडा नं. ६
९. श्री टक वहादुर पुन – वडा अध्यक्ष वडा नं. ७
१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य
११. श्री प्रतिक्षा विक – कार्यपालिका सदस्य
१२. श्री देवी पटेल – कार्यपालिका सदस्य
१३. श्री छरदेवी घर्ती – कार्यपालिका सदस्य
१४. श्री दल वहादुर खडकाथोकी – कार्यपालिका सदस्य
१५. श्री अनुप गौचन – कार्यपालिका सदस्य
१६. श्री चूर्ण वहादुर कार्की – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति :–

१. श्री सोम वहादुर केसी अधिकृत
२. श्री सागर पौडेल लेखपाल
३. श्री सावित्री गर्वुजा रोजगार संयोजक

Scanned with CamScanner

निर्णयहरु :-

निर्णय नं. १

मालिका गाउँपालिकाको गाउँ सभाको १५औं अधिवेशन बैठक मिति २०८१ साल असार ७ गते बस्ने निर्णय गरियो ।

निर्णय नं. २

वडाबाट छनोट भई आएका योजना तथा कर्यक्रम, विषयगत शाखाबाट प्रस्तावित कार्यक्रम, बिभिन्न संघ संस्थाबाट माग भई आएका योजना तथा कार्यक्रम, लक्षित वर्ग समुदाय, जनजाती, अपाङ्ग, दलित पिछडा वर्ग आदिको सहभगिता हुने योजना तथा कार्यक्रमहरुको लागि सवै राजनीतिक दल, वर्ग, क्षेत्र, समुदाय, बौद्धिकसंग अर्न्तक्रिया गरि मिति २०८१ जेठ ३२ गते कार्यपालिकाको बैठक बसी आगामी आ.व. २०८१/०८२ वार्षिक नीति तथा कार्यक्रमा तयार गर्ने निर्णय गरयो ।

निर्णय नं. ३

आगामी आ.व. २०८१/०८२ को लागि निम्न अनुसार पूंजिगत शिलिडदिने निर्णय गरियो ।

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| रकम (रु हजार) | ५००० | ६००० | ५००० | ५५०० | ६००० | ६००० | ५००० | ३८५०० |

निर्णय नं. ४

गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालय भवन वडा नं. १ र ७ को जग्गा व्यवस्थापनको लागि गाउँ कार्यपालिकाको मिति २०८० असौज १२ गतेको कार्यपालिका बैठकबाट प्रमुख प्रशासकीय अधिकृतलाइ प्रारम्भिक कारवाही चलउने अधिकृत तोकिएकोमा आजको कार्यपालिका बैठकबाट उक्त निर्णयलाई संसोधन गरि मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा अधिकृत पदमा कार्यरत योजना अधिकृत सोम वहादुर केसीलाई जग्गा प्राप्ती ऐन, २०३४ को दफा ५(१) अनुसार आजको मिति देखि लागु हुने प्रारम्भिक कारवाही चलाउने अधिकृत तोक्ने निर्णय गरियो ।

निर्णय नं. ५ विविध

१) आगामी आ.व.२०८१/०८२ देखि सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण तथा नयाँ दर्ताको लागि बायोमेटिक भेरीफिकेशनको माध्यमबाट संचालन गर्ने भएकोले चालु आ.व.मा सवै वडाको लागि ८(आठ) वटा बायोमेटिक डिभाईस मेसिन खरिद गर्ने ।

२) चालु आ.व. २०८०/०८१ को लागि झो.पु. निर्माण संपन्न भई भूक्तानी दिन रकम नपुग भएको र थप रकम माग गरि पठाएकोमा रकम थप भई नआएकोले चालु आ.व.मा समपुरक कोषमा बाँकि रहेको रकमबाट झो.पु. उपभोक्ता समितिलाई रकम भूक्तानी दिने ।

Scanned with CamScanner

३) गत आ.व. २०७९ ०८० मालिका गाउँपालिकाको लेखा परिक्षणको महालेखा परिक्षकको ६१औं वार्षिक प्रतिवेदनको आजको कार्यपालिका बैठकमा समिक्षा गरियो ।

४) मालिका गाउँपालिकाका वडा सचिवहरुलाई २०८० श्रावण देखि २०८१ असार सम्मको लागि मासिक रु २५००।– का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

५) सशर्त शिर्षकमा रहेको तथा गाउँपालिकाबाट विनियोजन भएको बाँकि रकमबाट दरभाउपत्रबाट औषधि खरिद प्रक्रिया अगाडी बढाउने ।

६) मालपोत कार्यालय म्याग्दीको प्राप्त पत्र अनुसार आगामी आ.व. २०८१/०८२ को जग्गाको न्युनतम मुल्याङ्कन दर सम्वन्धमा जानकारी गरियो ।

Scanned with CamScanner